बैठक संख्या ७०

प्रस्तावहरु:

मिति: २०७८।१२।२४

१. बिगतको निर्णय तथा योजना कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. श्री चक्र कमला आधारभूत विद्यालय पु.न.पा. १० राङ्खोलाको लागि जग्गा उपलब्ध गराउन सिफारिस सम्बन्धमा ।

३. घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।

४. बहुप्राविधिक शिक्षालयको लागि जग्गा प्राप्ति सम्बन्धमा ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि लाभग्रही छनोट सम्बन्धमा ।

६. सडक बोर्ड अन्तर्गतका योजनाहरुको बहुबर्षीय ठेक्का सम्बन्धमा ।

७. प्रदेश सरकारमा समपुरक अनुदान योजना माग सम्बन्धमा ।

८. मर्मत संभार कोष र स्थानीय विकास कोषको रकम भुक्तानी सम्बन्धमा ।

९. **Room To Read** कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

१०. विपद् व्यवस्थापनको भुक्तानी सम्बन्धमा ।

११. सत्ता शिक्षकको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

१२. अधुरो योजनाका कार्यान्वयन सम्बन्धमा ।

१३. जिन्सी लिलाम सम्बन्धमा ।

१४. विपन्न नागरिक उपचार खर्च सहायता सम्बन्धमा ।

१५. बिबिध ।

निर्णयहरु:

**निर्णय नं. १-** यस आ.व. २०७८/७९ का योजना तथा कार्यक्रम कार्यान्वयन र गत कार्यपालिका वैठकको निर्णयहरु कार्यान्वयनको विषयमा समिक्षा गरियो ।

**निर्णय नं.२-** श्री चक्रकमला आधारभुत विद्यालय पुतलीबजार नगरपालिका वडा नं१० ले विद्यार्थीको चाप बढेको र माध्यमिक तहसम्म कक्षा थप गरि विद्यालय संचालन गर्नुपर्ने भएकोमा विद्यालयको भौतिक संरचना निर्माणका लागि जग्गाको अभाव रहेको भनि साविक करेन्डाडा गा.वि.स. वडा नं. १ हाल पुतलिबजारनगरपालिका वडा नं. १० खल्लुबोट स्थित कि.नं. २ क्षेत्रफल १७-१०-०-२ र किं. नं. ७ क्षेत्रफल २-९-१-२कोबगर र गौचरणको रुपमा रहेको सार्वजनिक जग्गा विद्यालयको नममा नामसारी गरी प्रयोग गर्न सिफारिस माग गरेकोले उक्त जग्गा दैवि प्रकोप

सीमा कुमारी थोनी
प्रमुख

व्यवस्थापनका लागि निर्धारण गरेको जग्गामा नपर्ने देखिएको र विद्यालय सञ्चालनका लागि आवश्यक रहेको हुँदा विद्यालयले प्रयोग गर्नका लागि जग्गा उपलब्ध गराउन "सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७" बमोजिम सिफारिस समिति र सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं.३-** देहाय बमोजिमका व्यवसायीलाई नियमानुसार 'घ' बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्न स्विकृति दिने ।

क. लायन इन्फ्रास्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि. पुतलीबजार- १४

**निर्णय नं.४-**नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच र विस्तार गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१०।११ को निर्णय बमोजिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद अन्तर्गत आंगिक शिक्षालयको रुपमा पुतलीबजार नगरपालिका क्षेत्रभित्र बहुप्राविधिक शिक्षालय स्थापना गर्न सहमती प्रदान भएको र नगर कार्यपालिकाको मिति २०७८।०५।३१ को वैठकवाट पुतलीबजार नगरपालिका वडा नं. ३ कित्ता नं. ८७० को ४६ रोपनी क्षेत्रलको गौचरण जग्गा तथा सोहि वडाको कित्ता नं. ३१७ को २२५ रोपनी क्षेत्रफलको जग्गा मध्ये चितिकुना क्षेत्र र बरसारे क्षेत्रको जग्गा प्रयोगका लागि उपलब्ध गराउने निर्णय भएकोमा उक्त जग्गा दैवि प्रकोप व्यवस्थापनका लागि निर्धारण गरेको जग्गामा नपर्ने भनि नगर विपद् व्यवस्थापन समितिबाट समेत निर्णय भई आएको हुँदा सोहि व्यहोरा "सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७" बमोजिम सिफारिस गर्ने ।

**निर्णय नं.५-** प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सुचिकृत हुन पेश भएका लाभग्राहीहरुको विवरण **EMIS** मा इन्ट्रि गर्न स्विकृति दिने ।

**निर्णय नं.६-** सडक बोर्ड अन्तर्गत यस आ.व. २०७८।७९ मा कार्यान्वयन हुने योजनाहरुका लागि बजेट प्राप्त हुन ढिला भएको हुँदा उक्त योजना कार्यान्वयनका लागि आवश्यकता अनुसार बहुबर्षिय ठेक्का मार्फत काम गर्न स्विकृति दिने ।

**निर्णय नं.७-** प्रदेश सरकारबाट आ. व. २०७९।८० मा समपुरक अनुदान माग गर्दा देहायका योजनाहरुमा प्राथमिकताक्रम तोकी माग गर्ने ।

क. नयाँबजार ठुलाडिही मसर्गा सडक

ख. सिद्दार्थ लोकमार्ग- वडा नं. ११ को कार्यालय सडक

ग. पुत्लिखेत उनियाचौर सडक वडा नं. ४

सीगा कुमारी
प्रमुख

व्यवस्थापनका लागि निर्धारण गरेको जग्गामा नपर्ने देखिएको र विद्यालय सञ्चालनका लागि आवश्यक रहेको हुँदा विद्यालयले प्रयोग गर्नका लागि जग्गा उपलब्ध गराउन "सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७" बमोजिम सिफारिस समिति र सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं.३-** देहाय बमोजिमका व्यवसायीलाई नियमानुसार 'घ' बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्न स्विकृति दिने ।

क. लायन इन्फ्रास्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि. पुतलीबजार- १४

**निर्णय नं.४-**नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच र विस्तार गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१०।११ को निर्णय बमोजिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद अन्तर्गत आंगिक शिक्षालयको रुपमा पुतलीबजार नगरपालिका क्षेत्रभित्र बहुप्राविधिक शिक्षालय स्थापना गर्न सहमती प्रदान भएको र नगर कार्यपालिकाको मिति २०७८।०५।३१ को वैठकवाट पुतलीबजार नगरपालिका वडा नं. ३ कित्ता नं. ८७० को ४६ रोपनी क्षेत्रलको गौचरण जग्गा तथा सोहि वडाको कित्ता नं. ३१७ को २२५ रोपनी क्षेत्रफलको जग्गा मध्ये चितिकुना क्षेत्र र बरसारे क्षेत्रको जग्गा प्रयोगका लागि उपलब्ध गराउने निर्णय भएकोमा उक्त जग्गा दैवि प्रकोप व्यवस्थापनका लागि निर्धारण गरेको जग्गामा नपर्ने भनि नगर विपद् व्यवस्थापन समितिबाट समेत निर्णय भई आएको हुँदा सोहि व्यहोरा "सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७" बमोजिम सिफारिस गर्ने ।

**निर्णय नं.५-** प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सुचिकृत हुन पेश भएका लाभग्राहीहरुको विवरण **EMIS** मा इन्ट्रि गर्न स्विकृति दिने ।

**निर्णय नं.६-** सडक बोर्ड अन्तर्गत यस आ.व. २०७८।७९ मा कार्यान्वयन हुने योजनाहरुका लागि बजेट प्राप्त हुन ढिला भएको हुँदा उक्त योजना कार्यान्वयनका लागि आवश्यकता अनुसार बहुबर्षिय ठेक्का मार्फत काम गर्न स्विकृति दिने ।

**निर्णय नं.७-** प्रदेश सरकारबाट आ. व. २०७९।८० मा समपुरक अनुदान माग गर्दा देहायका योजनाहरुमा प्राथमिकताक्रम तोकी माग गर्ने ।

क. नयाँबजार ठुलाडिही मसर्गा सडक

ख. सिद्दार्थ लोकमार्ग- वडा नं. ११ को कार्यालय सडक

ग. पुत्लिखेत उनियाचौर सडक वडा नं. ४

**निर्णय नं.८-** मर्मत संभार कोष र स्थानीय विकास कोषबाट अत्यावश्यक कामहरुमा भएको खर्चहरु मर्मत संभार कोष संचालन कार्यबिधि २०७८ को दफा ११(२) र स्थानीय विकास विशेष कोष संचालन कार्यबिधि २०७८ को दफा ६(२)बमोजिम अनुमोदन गर्ने । यसरी तत्काल अतिआवश्यक कामका लागि पटके रुपमा सामाग्री वितरण लगायतका कामहरु पुर्वानुमान गरी ठेक्का प्रकृयाबाट गर्न कठिन भएको हुँदा निर्णय एवम् आदेशानुसार भएका तत्काल सम्बोधन गर्नुपर्ने कामहरुको खर्च  बिल बमोजिम भुक्तानी दिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने । र तत्काल अत्यावश्यक सडक मर्मत लगायतका कामहरु गर्दा भएको जे.सि.वि. संचालनको इन्धन खर्च सवारी इन्धनमा विनियोजित बजेटबाट भुक्तानी दिन नपुग भएमा मर्मत संभार कोष र स्थानीय विकास कोषमा विनियोजित बजेटबाट नियमानुसार भुक्तानी दिन स्विकृति दिने ।

**निर्णय नं.९-** पुतलीबजार नगरपालिका अन्तर्गत विद्यालयहरुमा कार्यान्वयन हुनेगरी पढ्नको लागि कोठा **Room To Read (RtR)** कार्यक्रम संचालनका गर्ननगरपालिकाले खर्च व्यहोर्ने गरी पुस्तकालय तथा कक्षाकोठा व्यवस्थापनका लागि फर्निचर खरिदको लागि बहुवर्षीय शिलबन्दी दरभाउपत्रद्वारा काम गर्न स्विकृति दिने ।

**निर्णय नं.१०-** मनसुनजन्य विपद् प्रभावित नीजि आवास पुन:निर्माणतथा पुनर्स्थापना अनुदान कार्यविधि २०७७ बमोजिम पुतलीबजार नगरपालिका अन्तरगतका लाभग्राहीहरुको नीजि आवास मर्मत तथा प्रवलिकरण र नीजि आवास पुन:निर्माणको लागि भएको खर्च मध्ये नगरपालिकाले उपलब्ध गराउनुपर्ने रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिन स्विकृति दिने । विपद् व्यवस्थापन समितिबाट निर्णय भई आए बमोजिम पूर्ण तथा आंसिक क्षति भएका विपद् पिडितहरुलाई कार्यबिधि बमोजिम राहत भुक्तानी दिन स्विकृति दिने ।

**निर्णय नं.११-** स्थानीय विकास कोषमा बिनियोजित बजेटबाट देहायका अधुरा एवम् अत्यावश्यक काम गर्न रकम बिनियोजन गर्ने ।

क. साना सिंचाईका लागि अत्यावश्यक काम गर्न रु. २,००,०००।

ख. वडा नं. ७ ठुलाडिही स्थित नौविघे समीडांडा माझबेनी मोटर बाटो नयाँ कटिङ कार्यका लागि थप रु. ५००००।

ग. वडा नं. १० हलहले खानेपानी तथा सिंचाई ट्याङ्की निर्माण (शिलुङ्ग) रु. १०००००।

**निर्णय नं.१२-** श्री राजस्थाल माध्यमिक विद्यालय पुतलीबजार १४ का मा.वि. तृतीय गणित शिक्षक श्री प्रतिभा भूजेल प्रसुती विदामा रहेको समयमा विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार कक्षा निरन्तरताका लागि सट्टा

सीता कुमारी क्षेत्री
प्रमुख

शिक्षकको रुपमा श्री प्रभात ढकाललाई अध्यापन कार्य गराएकोले उक्त अबधीको पारिश्रमिक माग भएको हुँदा सोही प्रयोजनको लागि आ.व. २०७८।७९ मा विनियोजन भएको बजेटबाट पारिश्रमिक भुक्तानी दिन स्विकृति दिने ।

**निर्णय नं.१३-** विपन्न नागरिक औषधी उपचार तथा स्वास्थ्य बीमा अनुदान शिर्षकमा विनियोजित बजेटबाट देहायका विरामीहरुलाई उपचार खर्च अनुदान दिने ।

क. डिल्लीराम गौतम वडा नं. ६ खुट्टामा घाउ भएको ८०००।

ख. कोपिला राना वडा नं. ७ दाहिने खुट्टा भाँचिएको ७०००।

ग. रन बहादुर गुरुङ वडा नं. १० मुटुरोगी १५०००।

घ. जिवनाथ गौतम वडा नं. ७ मेरुदण्ड भाँचिएको ८०००।

ङ. सेनुमाया कामी वडा नं. १४ मृगौला पिडित ८०००।

च. सिर्जना अर्याल वडा नं. ११ मानसिक रोगी ७०००।

छ. मायादेवी सुनार वडा नं. ३ मुटुरोगी ८०००।

ज. मिन बहादुर दमै वडा नं. २ ८०००।

झ. माने कामी वडा नं. ३ हात भाँचिएको ८०००।

ञ. नुवादत्त थापा वडा नं. १३ खुट्टा अपरेसन ८०००।

ट. रेसे दर्जी वडा नं. ६ खुट्टा भाँचिएको ८०००।

ठ. डिल बहादुर कार्की वडा नं. ६ दिर्घ रोगी १२०००।

ड. लक्ष्मी थापा वडा नं. २ दुवै मृगौला फेल भएको ८०००।

**निर्णय नं.१४-** पुतलीबजार नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा लिलाम गर्नुपर्ने भनी जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका र लिलाम समितिले आवश्यक देखेका जिन्सी मालसामानहरु नियमानुसार लिलाम गर्न स्विकृति दिने ।

**निर्णय नं.१५-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. २४० मिति २०७८।११।२७ को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काडमाण्डौको सुझाव कार्यान्वयन सम्बन्धी पत्रको सम्बन्धमा जानकारी भयो ।

सीमा कुमारी
प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३